# सिद्धिचरण नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

प.सं.०७६/०७७
चलानी नं. १३८१

१ नं.प्रदेश, नेपाल
मिति:२०७६।१०।२६

**वक्तृत्वकला प्रतियोगिता सञ्चालन सम्बन्धी सूचना।**

यस कार्यालयको चालु आर्थिक बर्ष ०७६।०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार युवा प्रतिभा पहिचान तथा उनीहरुको कार्यलाई प्रोत्साहन कार्यक्रम अन्तरगत देहायको मिति, समय र स्थानमा **"शिक्षाको रुपान्तरणमा युवाको भूमिका"** बिषयमा जिल्ला स्तरीय वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरिने भएकोले सो प्रतियोगितामा सहभागि हुन इच्छुक यस जिल्लाका १६ देखि २४ बर्ष उमेर समूहका युवाहरुले तपसिलमा उल्लिखित प्रक्रिया बमोजिम यस कार्यालयमा नाम दर्ता गराउन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१.प्रतियोगिताको बिषय: "शिक्षाको रुपान्तरणमा युवाको भूमिका" बिषयक वक्तृत्वकला प्रतियोगिता।

२.प्रतियोगिता हुने मिति, समय र स्थान:

मिति:२०७६।११।०४गते विहान ११.०० बजेदेखि यस नगरपालिकाको सभालहलमा हुनेछ।

३.उक्त प्रतियोगितामा प्रथम हुने प्रतियोगीलाई मिति:२०७६।११।१५ गते प्रदेश स्तरमा हुने प्रतियोगितामा सहभागि हुन सिफारिस गरी पठाइनेछ।

४.उक्त प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने प्रतियोगिलाई नगद पुरस्कार तथा प्रमाण पत्र उपलब्ध गराइनेछ।

५.प्रतियोगिले आफ्नो पालोमा मूल्यांङ्कनकर्ता, सहभागि तथा दर्शक स्रोता समक्ष १० मिनेटमा आफ्नो प्रस्तुती सक्नु पर्नेछ।

६.प्रतियोगितामा सहभागि हुन योग्यता पुगेका इच्छुक युवाले आफ्नो नागरिकता अथवा जन्म दर्ताको प्रमाण पत्रको छाँयाप्रति सहितको निवेदन २०७६।११।०३ गते कार्यालय समयभित्र यस कार्यालयमा दर्ता गराउनु पर्ने वा यस कार्यालयको इमेल: siddhicharanmunicipality@gmail.com मार्फत पठाउन सकिनेछ।

७.पुरस्कार: प्रथम हुनेलाई रु.९०००।-, द्वितीय हुनेलाई रु.७०००।- र तृतीय हुनेलाई रु.४०००।- नगद पुरस्कार दिइनेछ।

यस सम्बन्धमा थप जानकारी लिनु परेमा ०३७-५२०६८३ मा सम्पर्क गर्न सकिनेछ।

.......................
रामेश्वर पोखरेल

रामेश्वर पोखरेल
प्रमुख प्रशासकीय अधिकृत